गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभा

# *'सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा' विषयक छलफल*




## <u>रिपोर्ट</u>

**२०७९ असोज २५ गते (अक्टोवर ११)**

**होटल याक एण्ड यति काठमाडौं ।**

**रिपोर्ट : उद्बव भट्टराई**

*‘सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा’ विषयक छलफल*

**सभापति :**

-रविना थापा , कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ

**प्रमुख अतिथि :**

एकनारायण अर्याल, सचिव , श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**अतिथि :**

-डा.द्वारिका उप्रेति, कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड

- उमाकान्त आचार्य, महानिर्देशक, वैदेशिक रोजगार विभाग
- राजेश्वर ज्ञवाली, सहसचिव, अर्थमन्त्रालय
- डिबी क्षेत्री, उपाध्यक्ष, एनआरएनए
- राज रेग्मी, युवा उपाध्यक्ष, एनआरएनए
- यसमिन बेगम सायद, महिला उपाध्यक्ष, एनआरएनए
- खगेन्द्र न्यौपाने, सचिव, एनआरएनए
- दिपक गौतम, अध्यक्ष, एनआरएनए एनसीसी क्यानडा

**कार्यक्रम संचालन :**

होम पाण्डे : सचिव, एनआरएनए

## कार्यक्रमको सार :

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभाको अवसर पारेर गत अक्टोबर ११ गते 'सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षाको व्यवस्था' विषयक कार्यशाला सम्पन्न गरेको छ । एनआरएनएले विगत लामो समयदेखि उठाउँदै आएका मुद्धा तथा मागलाई सम्बोधनका लागि नेपाल सरकार तथा सरोकारवाला निकायहरुसँग कार्यशालामा छलफल भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिव एकनारायण अर्यालको प्रमुख आतिथ्यतामा वैदेशिक रोजगार र सामाजिक सुरक्षाको शत्र संचालन भएको थियो ।

एनआरएनएले झण्डै एक दशकदेखि वैदेशिक रोजगारीमा जाने कामदारलाई सामाजिक सुरक्षामा समेट्न लबिङ तथा दवाव दिदै आएकोमा अव वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा तत्काल समेट्न अनुरोध गरेको छ । एनआरएनएले सामाजिक सुरक्षामा समेट्नका लागि सामाजिक सुरक्षा कोषसँग सहकार्य गर्न समझ्रदारी पत्रमा हस्ताक्षर गरिसकेको अवस्थामा अव कार्यान्वयनमा ढिलाई गर्न नहुने कार्यक्रमको निष्कर्ष रहेको छ ।

विदेशमा रहेका नेपालीको सामाजिक सुरक्षाका लागि रोजगारदाता मुलुकलाई पनि जिम्मेवार बनाउन पहल गर्नु पर्ने आवाज उठ्यो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका कामदारको सामाजिक सुरक्षा पहिलो प्राथमिकतामा राखेको जनाउदै अब हुने नयाँ श्रम सम्झौता तथा नविकरणमा सामाजिक सुरक्षाको विषय पहिलो बुँदामा राखिने प्रतिवद्धता व्यक्त गरेको छ ।

साथै यस शत्रमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनुपर्ने, सीपयुक्त कामदार मात्र विदेश पठाउनतर्फ लाग्नुपर्ने र विदेशबाट फर्किएका तथा फर्कन चाहने कामदारको पुर्नस्थापनाका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने आवाज उठेको थियो ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरु बिचराका पात्र नभएको र राष्ट्रको अर्थतन्त्र चलायनमान बनाउने हिरोको रुपमा रहेको बक्ताहरुको भनाई थियो । सरकारले

आफ्नो सेवालाई अनलाईन सिस्टम लागू गर्दा वैदेशिक रोजगारका धेरै समस्याहरु कम हुँदै गएको जनाइएको छ । यस्तै वैदेशिक रोजगारीमा गएका कामदारहरुले रकम जम्मा गर्ने गरेको कल्याणकारी कोषको कार्यविधि शंशोधन गरेर यसको परिचालन सम्वन्धमा विशेष व्यवस्थापन गर्नुपर्ने पनि आवाज उठेको छ ।

छलफल कार्यक्रमबाट सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगार बनाउनका लागि सरकार, सरोकारवाला निकाय तथा एनआरएनएहरुबीच सहकार्य हुन जरुरी रहेको निष्कर्ष रहेको छ ।

## कार्यक्रममा कस्ले के भने ?

### वैदेशिक रोजगारमा रहेका नेपाली बिचराका पात्र होइनन्

**डिबी क्षेत्री, उपाध्यक्ष, एनआरएनए**

वैदेशिक रोजगार अति सम्मानित पेशा भएता पनि विचराका रुपले हेरिन्छ । वैदेशिक रोजगार नहुँदो हो त स्वदेशमा बेरोजगारी समस्या अधिक हुने थियो । वैदेशिक रोजगारले नेपाल सरकारलाई सघाएकोछ, आफ्ना परिवारलाई सघाएको छ र आफु सवल बनेको छ, । त्यसैले यो विचराको पात्र पक्कै होइन । वैदेशिक रोजगारबाट पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलाएमान भएको छ । त्यही भएर यो सबैभन्दा सम्मानित पेशा हो । सबैभन्दा सम्मानित वर्ग हो । जब हामीले सम्मानित ठान्छौ भने यसमा सुधार र सदृढीकरणमा ध्यान दिन जरुरी छ ।

नेपाल सरकारले आफ्ना नीति तथा नियम बनाउँदा वा कुनै कार्यक्रम गर्दा हामी विदेशमा बस्ने नेपाली अर्थात एनआरएनएलाई सहभागी गराउन जरुरी छ । वैदेशिक रोजगारमा गएर फर्किएको मान्छे जाँदा त रेकर्ड होला फर्किदा उसले के सीप सिकेर आयो त्यसको लागि एउटा सीप बैंक खोल्दिनुपर्छ । राष्ट्रलाई अर्थात रोजगारदातालाई आवश्यक पर्दा बौद्धिक र सीप जानेकाहरुलाई प्रयोग गर्न सक्छ । त्यसैगरी रोजगारदाता र कामदार भेट्ने पोर्टल बनाईदिने हो भने बिचौलिया हट्ने थिए ।

हामीले वैदेशिक रोजगारमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा जोड्नु पर्छभनेर विगत लामो समयदेखि आवाज उठाउँदै आयौ । म एनआरएनए ओमानको अध्यक्ष हुँदै गर्दा सन् २०११ मा 'हजारे अभियान'को कन्सेप्ट ल्याएर

कसरी हुन्छ वैदेशिक रोजगारबाट स्वदेश फर्किएपछि फेरि वैदेशिक रोजगारमा नै जानु पर्ने बाध्यताको अन्त्य कसरी गर्न सकिन्छ भनेर लागिरह्यौ । जीवनको उर्भर समय र उमेरमा वैदेशिक रोजगार गएका तर त्यही वैदेशिक रोजगारबाट घाइते भएर वा अंगभंग भएर स्वदेश फर्किएकाहरुको जीवन यापनका लागि सामाजिक सुरक्षा अनिवार्य छ । अहिले सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई यो योजनामा जोड्नका लागि धेरै काम गरिसकेको छ । यसमा एनआरएनएले पनि सहयोग गरिरहेका छौ । हामीले धेरै गफ र छलफल गरिसक्यौ, अव तत्काल कार्यान्वयन हुन जरुरी छ । सरकारले यो योजना लागु गराएपछि एनआरएनएले आफ्नो ठाउँमा सहयोग गर्ने छ ।

## नयाँ गन्तब्यको खोजी गनुएपर्छ

### दिपक गौतम, अध्यक्ष, एनआरएनए क्यानडा

१२ हजार नेपालीहरुले वैदेशिक रोजगारमा ज्यान गुमाउँदा त्यसको कारण खोज्न जरुरी छ । काम गर्दा उनीहरुले सेफ्टीमा ध्यान दिएनन् नै भन्ने हो । खाडी तथा मलेसिया वैदेशिक रोजगारका लागि सेफ डेस्टिनेशन हुन् त प्रश्न खोज्न आवश्यक छ । अव खाडी र मलेसिया मात्र होइन अन्य आकर्षक गन्तब्य खोज्न सबैले ध्यान दिनुपर्छ । युरोप तथा अमेरिकामा नेपाली कामदारको माग छ तर सीप र तालिम दिएर मात्र कामदार पठाउनु पर्छ ।

## जिरो कष्टमा २ लाखभन्दा बढि तिर्न बाध्य

### खगेन्द्र न्यौपाने, सचिव, एनआरएनए

अहिले नेपाल सरकारले आफ्नो सेवालाई अनलाइन प्रणालीमा लिएर गएको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगारमा रहेका धेरै समस्या हल गरिरहेको छ । वैदेशिक रोजगार विभाग तथा एम्बेसीहरुमा सेवाग्राहीको चाप घटेको छ । तर, अन्य धेरै सुधारको आवश्यकता रहेको छ ।  सरकारले बिदेशमा जाने कुनै पनि कामदारले जिरो कष्टमा जाने व्यवस्था गरेको छ तर विदेश जानेहरुले २ लाखभन्दा बढि तिर्नु परेको छ । अहिले सबैलाई थाहा भएको विषयमा नेपाल सरकारले ध्यान दिन जरुरी छ । विदेश जाँदाखेरी २ वर्षको मात्रै इन्स्युरेन्स हुने गरेको छ । २ वर्षपछि कामदारको मृत्युभएमा वा अंगभंग भएमा रिइन्स्युरेन्स नहुँदा क्षतिपूर्ती गुमाउनु

परेको छ । त्यसैले विदेशबाट नै अनलाइनबाट रिइन्युरेन्स गराउन आवश्यक छ । अहिले केहि ठाउँमा लागू हुने स्थितिमा भए पनि अझ प्रभावकारी रुपमा तुरुन्तै लागु गर्नुपर्छ । त्यसैगरी विदेशमा बसेर आर्जन गरेका सीप, ज्ञान र पूँजीलाई नेपाल फर्किसकेपछि रेकर्ड राख्नेगरी उनीहरुको सीप पहिचान गरी नेपाल सरकारले प्रभावकारी सदुपयोग गर्न आवश्यक छ ।

## वैदेशिक रोजगारमा जानेलाई सीप तथा तालिमको आवश्यकता

**राज रेग्मी, युवा उपाध्यक्ष**

वैदेशिक  रोजगारमा जानु हामीलाई रहर होइन पक्कै पनि बाध्यता हो । हाम्रो देशमा हामीले रोजगारी सृजना गर्न सकेको भए पक्कै पनि हामी ४० लाख भन्दा बढी युवाहरु अहिले मध्यपूर्व एशिया लगायत विभिन्न देशहरुमा न्युन हुन्थ्यो । विदेशमा परिश्रम गरेका युवाहरुको सीप र क्षमतालाई पक्कै पनि नेपाल सरकारले चासोको रुपमा लिएर उनीहरुले आर्जन गरेको पूँजीलाई एकमुष्ट तरिकाले संचित गर्दै एउटा परियोजना लिएर अघि बढ्न जरुरी छ । त्यसो हुने भए अव ४० लाख भन्दा बढी नेपालीहरु विदेशमा गएर पसिना बगाईरहनुपर्छ जस्तो लाग्दैन ।  नेपाल सरकारले विदेशी श्रमिकहरुका मर्महरुलाई बुझेर आगामी दिनहरुमा गैरआवासिय नेपाली संघहरुसँग साझेदारी गर्दै नेपालका सम्भाव्य क्षेत्रहरुमा रोजगारीको सृजना उत्पन्न गराउने साना तथा ठूला पूँजीहरुलाई पहिचान गरी ठूलो प्याकेज लिए विभिन्न नयाँ कार्ययोजना अगाडि बढाउँदै जानु पर्छ । त्यसपछि मात्र  अबको ८/१० वर्षमा हामीले सुखि र समृद्ध नेपाल देख्न सक्छौ । र, हामी विदेशिएका नेपालीहरुले आफ्नै कर्मभूमिमा आएर काम गर्न सक्छौ ।

वैदेशिक  रोजगारमा जाने श्रमिकहरुलाई सुरक्षित र मर्यादित गर्ने विषयमा नेपाल सरकारले अझै बढी ध्यान दिनुपर्छ । मध्यपूर्वलाई अहिलेपनि नेपाल सरकारले ब्लु कलर लेबरको डेस्टिनेशनमा मात्रै युटिलाइज गर्ने गरेको छ । नेपाल सरकारले के कुरामा सचेत हुनुपर्छ भन्दा हामीसँग भएका जति युवाशक्ति छन् उनीहरुलाई नेपालमै सीप र ज्ञानको लागि प्राविधिक शिक्षालयको स्थापना गर्न जरुरी छ । अव उनीहरुलाई तालिम दिएर पठायौ भने पक्कै पनि एक हजार कमाउने मान्छेले त्यही देशमा २ हजार कमाउन सक्छ । र त्यसको डाइरेक्ट बेनिफिट नेपालको अर्थतन्त्रलाई पर्छ । र आफ्नो परिवारलाई पनि पर्छ ।

## श्रमिकको पक्षमा सबैले आवाज उठाऔं

### यास्मिन बेगम सायद, महिला उपाध्यक्ष, एनआरएनए

वैदेशिक  रोजगार भन्नेबित्तिकै मध्यपूर्वमा रहेका नेपालीहरुलाई नै इंगित गरिन्छ। वैदेशिक  रोजगारको क्रममा खाडीमा रहनुभएका महिला पुरुषहरुको मात्रै चर्चा हुने गरेका थिए। देशको अर्थतन्त्रलाई धान्ने रेमिट्यान्सदेखि लिएर लाखौ नेपालीहरुलाई रोजगारी दिने लाखौ युवाहरुको चुला बाल्ने जनशक्ति जहाँ रोजगारको लागि बैदेशिएको क्रममा खाडि तथा मलेसिया मुलुक रहेकाहरुको चर्चा जरुरी छ।

एउटा साधारण महिला र पुरुष हाम्रो विमानस्थलबाट एउटा झोला बोकेर गएको नेपाली दाजुभाई तथा दिदिबहिनी बाकसमा आउँछन् या त सुटकेशमा अलिकति पैसा बोकेर आउँछन्। वैदेशिक रोजगारको क्रममा म साउदी अरबमा रहेको छु। साउदी अरबबाट म आउँदै गर्दा त्यहाँबाट नेपाली दाजुभाईहरुले हाम्रो पनि आवाज राखिदिनु भनेर पठाउनुभएको छ। हाल साउदी अरबमा देखिएको इलिगल वर्करहरुको विषयमा श्रमिकहरु अलपत्र परेको अवस्था छ। हाम्रो परियोजनाले धानेको सेल्टर पनि बन्द हुने स्थितिमा आईसकेको छ। अहिले क्षणिकरुपमा विमानस्थलमा नियम कानुन परिवर्तन हुँदैगर्दा बिभिन्न मार र भार सर्वसाधारण लगायत हामीले पनि बेहोर्नुपरेको छ। यसको समस्या समाधानमा ध्यानकेन्द्रित गराउन चाहान्छु। वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरुको पक्षमा सबैले आवाज उठाउन जरुरी छ।

## सुधारका धेरै काम भइरहेका छन्

### राजेश्वर ज्ञवाली, सहसचिव, अर्थ मन्त्रालय

अहिले वैदेशिक रोजगारको क्षेत्रमा धेरै सुधारका काम भइरहेका छन्। भैरहवाबाटै श्रम स्वीकृति दिने व्यवस्था लागु भएको छ। धेरै कामहरु अगाडि बढिरहेको छन्। अर्थ मन्त्रालयले पनि यस क्षेत्रको सुधारका लागि काम गरिरहेको छ। सुरक्षित मर्यादित र व्यवस्थित वैदेशिक रोजगारीको लागि सरोकारवाला सबै सहकार्य गर्न जरुरी छ।

## सामाजिक सुरक्षा योजना छिटो कार्यन्वयन हुन्छ

### एकनारायण अर्याल, सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

विशेषगरी वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई समस्यामा पर्दा उद्धार वा राहत होस् या चाहे कोभिडको समयमा वा महाभुकम्पको समयमा होस् एनआरएनएले गरेको सहयोगलाई म हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । ८४ वटा देशहरुमा आफ्नो सञ्जाल बिस्तार गरेको एनआरएनए हाम्रो लागि सम्पत्ति हो, यो सम्पत्तिलाई हामीले भरपुर सदुपयोग गर्नुपर्छ ।

अहिले सरकारले १११ देशहरुमा संस्थागत रुपमा पठाउन अनुमति दिएको भएता पनि १७८ देशहरुमा व्यक्तिगत रुपमा जान सक्छन् । अहिले मन्त्रालयले नेपाल सँग दैत्य सम्बन्ध भएका जुनसुकै मूलुकमा गएर काम गर्न सक्ने भन्ने कुरामा मन्त्रालय सचेत छ ।

वैदेशिक रोजगारलाई फेसलेस, क्यासलेस, पेपरलेस बनाउने सन्दर्भमा मन्त्रालयले धेरै रिफर्मका कामहरु अगाडि बढाएको छ । अब आफू जुन देशमा हो त्यहीबाट श्रम स्वीकृति रिन्यु गर्न सक्ने प्रबन्ध सरकारले मिलाउँदै छ ।

रिइन्ट्रिगेसनमा सरकारले पोलेसी स्वीकृत गरिसकेको छ । वैदेशिक  रोजगार बोर्डबाट नेपाल सरकारले केही बजेट छुट्याएर त्यो कार्यकम गर्दैछ । यसका लागि एनआरएनए जोडिन चाहन्छ भने सधैं स्वागत हुनेछ । एनआरएनए भनेको सरकारको पार्टनर एजेन्सी हो, भोलिदेखि नै सहकार्य गर्न आह्वान गर्दछु ।

अहिले ९७ प्रतिशत नेपालीहरु अनस्किल्ड वैदेशिक रोजगारमा जाने गरेका छन् । राष्ट्रिय स्तरको सीप विकास केन्द्र स्थापना गर्नका लागि क्याविनेटमा गईसकेको छ । सातै प्रदेशमा सीप विकास केन्द्र स्थापना हुन्छ, यसमा पनि सहकार्य गर्न एनआरएनएलाई स्वागत छ ।

वैदेशिक रोजगारका लागि नेपाल सरकारले सम्बन्धित देशमा लागु भएको न्युनतम पारिश्रमिक श्रमिकलाई दिनुपर्छ र त्यो देशमा भएको सोसियल सेक्युरेटी हाम्रो देशको श्रमिकलाई पनि प्रदान गर्नुपर्छ नत्र लेबर एग्रिमेन्ट गर्दैनौ भन्ने गरेका छौं । श्रम सम्झौता नभएका देशहरुमा तत्काल अर्थात चुनावपछि श्रम सम्झौता गर्दैछौ

। एनआरएन एनसीसीहरुले सम्बन्धित देशसँग नेपालको सीप विकास तथा तालिममा लगानीका लागि अनुरोध गर्नु होला ।

सामाजिक सुरक्षाको विषयमा पटक पटक छलफल भइरहेको छ । विश्वका धेरै मुलुकले सामाजिक सुरक्षा योजना लागु गरिसकेका छन् । अव वैदेशिक रोजगारमा रहेका नेपालीलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्न सकिन्छ । अहिले सामाजिक सुरक्षाको सुविधा दिने कार्यविधि सरकारले निर्माण गरिसकेको छ । अहिले अन्तिम चरणमा छ । राष्ट्र बैंक, अर्थमन्त्रालय र केही टेक्निकल टिमसँग छलफल भइरहेको छ । यो योजना कुन देशबाट शुरु गर्ने यसको लागि श्रम मन्त्रालय र सामाजिक सुरक्षा कोष निरन्तर लागिरहेको छ । म समय त भन्दिन तर धेरै नै छिटो कार्यन्वयन हुन्छ ।

सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन, नेपालमा सीप तथा तालिम केन्द्र स्थापना गर्न र रिइन्ट्रिग्रेसनमा एनआरएनहरुको कमिटमेन्ट चाहिन्छ । सरकारले गरेन मात्रै होइन, सरकारले गरेका काममा साथ दिनुहोला ।

## अधिकार नदिने देशमा कामदार नपठाऔं

### रबिना थापा, कार्यकारी अध्यक्ष, एनआरएनए

वैदेशिक रोजगारमा विश्वभरी रहेपनि वैदेशिक रोजगारका समस्याहरु चाँहि प्रायजसो मिडिलिष्ट तथा मलेसियामा बढि पाइन्छ । वैदेशिक रोजगारको मुद्धालाई गैरआवासीय नेपाली संघले प्राथमिकतामा राखेको छ । समस्या त धेरै छन् नै समाधानका लागि पनि प्रयासहरु भइरहेका छन् ।

वैदेशिक रोजगारमा जानेहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा बढी जोड दिनुपर्ने आवश्यक देखिएको छ । नेपाल सरकारले वैदेशिक रोजगारमा जानको लागि लाइफ इन्स्युरेन्स, हेल्थ इन्स्युरेन्स, सोसियल सेक्युरेटी नभएपछि त्यस देशमा हाम्रो कामदारहरु किन पठाउने ? नेपाल सरकारले दरिलो अडान लिने हो भने हाम्रा सबै माग पुरा हुनेछन् ।

वैदेशिक रोजगारमा पठाउँदा सेफ जोन हेर्न जरुरी छ । जहाँ नेपाली श्रमिकले राम्रो पारिश्रमिक र सुविधाहरु पाउन सकुन् । गैरआवासिय नेपाली संघ सीपमुलक

तालिमका लागि मन्त्रालयहरुसँग मिलेर कस्तो किसिमको ट्रेनिङ दिन सकिन्छ र नेपाललाई कसरी सहयोग गर्न सकिन्छ भनेर निष्कर्षमा पुग्छ ।

**निष्कर्ष :**

- वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा तत्काल कार्यान्वयन गराउनु पर्छ । यसका लागि सरकारले आवश्यक कार्यबिधी बनाएर वैदेशिक रोजगारमा रहेकाहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउन ढिला गर्न हुँदैन ।

- वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई आवश्यक तालिम तथा सीप विकासका लागि तालिम केन्द्र स्थापना गर्नुपर्छ त्यसका लागि एनआरएनएले सरकारसँग सहकार्य गर्ने छ ।

- वैदेशिक रोजगारका लागि खाडी र मलेसिया मात्र नभई अन्य आकर्षक गन्तब्य मुलुकको खोजी गर्नुपर्छ । जुन देशले आवश्यक सुविधा र अधिकार दिदैनन् त्यस्ता देशमा कामदार नपठाउन अनुरोध गरेको छ ।

- वैदेशिक रोजगारका क्षेत्रमा फेसलेस, पेपरलेस, क्यासलेस हुँदै गएपनि सुधारको अझै खाँचो रहेको छ, त्यसका लागि सरकारले अझै काम गर्न जरुरी रहेको छ । वैदेशिक रोजगार जाँदा जिरो कष्ट लागु हुन नसक्दा श्रमिकले लाखौ तिर्न बाध्य भएकाले त्यसलाई सरकारले विशेष चासो दिन आवश्यक रहेको औल्याइएको छ ।

- विदेशमा सिकेको सीप, ज्ञान र पूँजी स्वदेशमा लागाउनका लागि पुनएकीकरण कार्यक्रम सरकारले ल्याएकोमा एनआरएनएसँग सहकार्य गर्नुपर्ने र सरकारले सही वातावरण बनाउनु पर्ने निश्कर्ष निस्केको छ ।

**धन्यवाद**

# आर्थिक लगानीको वातावरण र नेपालको रुपान्तरण विषयक शत्र




**सभापति :**

-डा. बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**अतिथि :**

- मधुकुमार मरासैनी, सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्
- रामेश्वर दंगाल, राजश्व सचिव, अर्थमन्त्रालय
- तोयानारायण ज्ञवाली, सचिव, उद्योग बाणिज्य तथा आपुर्ती मन्त्रालय
- चन्द्र ढकाल, बरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ
- अनिल उपाध्यय, अध्यक्ष, नेपाल वैकर्स एशोसिएशन
- आरके शर्मा, उपाध्यक्ष, एनआरएनए
- महेश श्रेष्ठ, उपाध्यक्ष, एनआरएनए

**मोडरेशन :**

अनलराज भट्टराई : विषयविज्ञ

## कार्यक्रमको सार :

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभाको अवसर पारेर गत अक्टोबर ११ गते 'नेपालमा आर्थिक लगानी र रुपान्तरण' विषयक कार्यशाला सम्पन्न गरेको छ ।

नेपालमा विदेशी लगानी भित्र्याउन कत्तिको सहजता छ, के-कस्ता समस्या छन् र बढी भन्दा बढी वैदेशिक लगानी भित्र्याउन के गर्न सकिन्छ भन्ने विषयमा यो शत्रमा छलफल भएको थियो । एनआरएनहरुको लगानी केहि हदसम्म माटोको मायासँग जोडिएकोले भावानात्मक सम्बन्धलाई उपयोग गर्न आवश्यक रहेको औल्याइएको छ ।

यो शत्रमा बोल्ने अधिकांश बक्ताहरुले कोभिड-१९, रुस युक्रेन युद्धका कारण सिर्जित मूल्यवृद्धि तथा पेट्रोलियम पर्दाथमा आएको मूल्यवृद्धिका कारण तरलता अभाव रहेको र यसको समाधानका लागि विदेशी मुद्रा भित्र्याउनुको विकल्प नरहेको निश्कर्षसहित विदेशी लगानी तथा गैरआवासीय नेपालीको लगानीमा जोड दिएका थिए ।

गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्नु आवश्यक रहेको बताइएको छ । नेपालमा लगानी भित्र्याउनका साथै, स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्न सरकारलाई एनआरएनएले माग गरेको छछ ।

यस क्रममा एनआरएनए ACT 2066 र Foreign Investment and Technology Transfer ACT 2019 (2075) बीचमा केहि असमानता रहँदा विशेषगरी एनआरएनको लगानी र वैदेशिक लगानी भित्र्याउने विषयमा समस्या उत्पन्न भएको आवाज उठेको थियो । विशेषगरी FITTA ACT ले गैरआवासीय

नेपालीको लगानी र वैदेशिक लगानीलाई एउटै परिभाषामा राखेको भन्दै यसलाई फरक फरक परिभाषित गर्न माग गरिएको छ । यता एनआरएनको लगानी र विदेशी लगानीलाई फरक परिभाषित गरेर ऐन शंशोधन गर्न सरकार तयार रहेको र अन्य केहि व्यवधान भए छलफल गरेर अघि बढ्न सकिने सम्वन्धित मन्त्रालयका अधिकारीहरुले प्रतिवद्धता जनाएका छन् ।

## कार्यक्रमका कस्ले के भने ?

### स्वदेशमा लगानीसँगै प्रतिफलको अवसर अधिक

### चन्द्रप्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ

एनआरएनहरु विदेशमा काम मात्र गर्नुभएको छैन त्यहाँ इन्भेष्टमेन्ट गरेर व्यवसाय पनि गरिरहनुभएको छ । म नीजि क्षेत्रको तर्फबाट विदेशको सीप, ज्ञान र पूँजी स्वदेशमा लगानी गर्ने हो भने धेरै काम गर्न सकिन्छ । र स्वदेशमा लगानी र प्रतिफल कमाउनका लागि धेरै अवसर छ ।

एनआरएनएसँग मिलेर २७ मेघावटको हाइड्रो प्रोजेक्ट सुरु गरेका थियौ त्यसको बत्ति बलिसकेको छ । चन्द्रागिरी केवलकार पनि एनआरएनएको साथीहरुसँग मिलेर नै सुरुवात गरेको हो । त्यो पनि अहिले नेपालको वान अफ द बेस्ट डेस्टिनेशनको रुपमा आइसकेको छ । यसले उत्साह दिएको कारणबाट अहिले हामीले सातैवटा प्रदेशमा चन्द्रागिरी केवलकारहरु जस्तो प्रोजेक्टहरु किन नबनाउने अथवा एनआरएनएसँग मिलेर दोर्दी हाईड्रोपावर जुन बनाईएको थियो त्यो जस्तो ठूलो प्रोजेक्टहरु किन नबनाउने भन्ने हिसाबमा काम गरिरहेका छौ ।

म एनआरएनएको साथीहरुलाई के भन्न चाहान्छु भने १० अर्बको फण्ट बाहेकका पनि नेपालको निजि क्षेत्रसँग सहकार्य गरी धेरै प्रोजेक्टहरु एनआरएनएले डेभ्लोप गरिसकेको अवस्था छ । यहाँहरु जुन देशबाट आउनुभएको छ त्यो देशको इन्भेष्टमेन्टलाई अगाडि बढाउ भनेर आग्रह पनि गर्न चाहान्छु ।

नेपालमा लगानी गर्ने वातावरण नै छैन भनेर हामीहरु बाहिर जाँदा धेरै सुन्ने गरेकोले मैले नेपालमा पनि वातावरण छ भन्नका लागि अहिले काम गरिरहेको छु ।

सबै एनआरएनहरुले लगानी स्वदेशमा ल्याउनु होस् प्रतिफल दिने जिम्मा नीजि क्षेत्रले लिनेछ ।

## देशमा पैसा मात्र होइन ज्ञान,सीप र टेक्नोलोजी पनि चाहिएको छ

## मधु मरासिनी, सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

नेपालमा प्रयाप्त लगानीको अभाव छ । विशेषगरी नीजि क्षेत्रको लगानी जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । त्यो खाँचो पूर्ति गर्नलाई एनआरएनहरुको लगानी आवश्यक छ । एनआरएनएले लगानी गर्ने हो भने धेरै अवसरहरु स्वदेशमा रहेको जानकारी गराउँदछु ।

अहिले साउथ एशियामा आउने एफडिआईमा भारतले मात्रै ९१.८ प्रतिशत लगिरहेको छ । ३.८ प्रतिशत चाँहि बंगलादेशले लाने रैछ । नेपाले ०.१८ प्रतिशत मात्रै छ एफडिआई । त्यसैले नेपालमा लगानीको वातावरण सुधार नगरिकन लगानी नआउने रैछ भन्ने देखियो । सरकारले लगानीको वातावरण बनाउनका लागि प्रयास नगरेको भन्ने होइन । सुधारको प्रयास भइरहेको छ । अहिले भर्खरै सरकारले एनआरएनएको इन्भेष्टमेन्ट फण्टलाई लगभग स्वीकृतीको चरणमा पुऱ्याएको छ । अव धेरै समस्या पक्कै आउने छैन । सरकारले ८ वटा मुद्रामा डलर एकाउन्ट खोल्ने स्वीकृति दिएको छ । नेपाली भएको प्रमाण मात्र भएमा पनि स्वीकृति हुने व्यवस्था मिलाएका छौं । अहिले जत्तिपनि आईपियो जारी हुन्छ त्यसमा १० प्रतिशत एनआरएनएलाई पनि राखेको छ । विभिन्न प्रयासहरु भइरहेको छ । त्यो प्रयास ठिक छ कि छैन आफ्नै ठाउँमा होला ।

सरकारले लगानीका लागि धेरै अवसरहरु सृजना गरेको छ तर एनआरएनहरुबाट खोइत पैसा आएको ? डलर खाता खोल्ने अवसर दियौ तर खोइत त खाता खोलेको ? सरकारलाई गालि गर्ने मात्र होइन, आफ्नो जिम्मेवारी पनि पुरा गर्नुपर्छ होला । नेपालले एनआरएनएबाट पैसा मात्रै होइन इकोनोमि ट्रान्सपर्मेसनलाई स्किल पनि खोजेको छ । टेक्नोलोजी पनि चाहिन्छ । बाहिर सिकेको ज्ञान, क्षमता र दक्षता पनि नेपालमा आवोस् भन्ने कुरा हो ।

## लगानीको अवसर नेपालमा धेरै छ

**रामेश्वर दंगाल, राजस्व सचिव, अर्थमन्त्रालय**

संसारका कुनै देशका लागि लगानीका अवसर तथा संभावनाहरु हुन्छन् । अझ हाम्रो देशमा मुलुकको आर्थिक वृद्धिका लागि लगानी गर्ने सम्भाव्य क्षेत्रहरु पर्याप्त छन् र लगानीयोग्य पूँजीको अभाव हामीले बेहोरिरहेका छौ र अहिलेको वर्तमान अवस्थाको मुलुकको अर्थतन्त्रको परिसूचकहरुलाई हेर्ने हो भने हामीलाई पर्याप्त मात्रामा लगानी योग्य रकमको अभाव भएको अवस्था छ र धेरै लगानी गर्ने अवसरहरु नेपालमा छ ।

हामी विश्वभर छरिएर रहेका नेपाली दाजुभाई तथा दिदिबहिनीहरुले थोरैथोरै रकमबाट भएपनि नेपालमा एकजुट भएर सम्भावनाको खोजी गर्ने क्रममा गैरआवासिय नेपाली फण्डको परिकल्पना गरियो र यसलाई मूर्तरुप पनि दिईसकिएको छ । नेपालमा लगानीयोग्य रकम जुटाउने सन्दर्भमा र मुलुकको आर्थिक वृद्धिमा एनआरएनएको आर्थिक योगदान महत्वपूर्ण छ ।

**नेपाल सरकारले धेरै काम गरिरहेको छ**

**तोयनारायण ज्ञवाली, सचिव, उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्रालय**

नेपालमा इन्भेष्टमेन्ट तथा एफडिआईको रेसियोलाई हेर्ने हो भने अवस्था अलि धेरै काम गर्नुपर्ने देखिन्छ । नेपाल डब्लुटिओसँग जाँदा कम्बोडियासँग सँगै गएको हो । त्यसबेला देखि अहिलेसम्म कम्बोडिया धेरै अगाडि बढेको छ । कम्बोडियाको जिडिपि र एफडिआईको रेसियो हेऱ्यो भने अराउन्ड १५ प्रतिशत छ । तर नेपाल अहिले ०.४ प्रतिशतमा छ । यसको मतलब केहो भने हामीसँग ठूलो अवसर छ हामी यसलाई बढाउन सक्छौ । यो अवस्था हेर्दा इन्भेष्टमेन्टबिना केही संभव छैन । प्रडक्सन प्रडक्टिभीटी, एक्सपोटलगायत बढाउन तथा नेपालको एफडिआई र जिडिपी बढाउन धेरै काम गर्नुपर्ने देखिन्छ । तर, नेपाल सरकारले धेरै काम गरिरहेकोछ ।

**लगानीका लागि नेपाल साउथ एशियामा दोस्रो राम्रो देश**

**अनिल उपाध्यय, अध्यक्ष नेपाल बैंकर्स एशोसियसन**

२००० देखि २०२२ सम्म भारतले जति एफडिआईबाट पैसा ल्यायो । सुरुवातमा नेपालको पनि राम्रो थियो । नेपालमा अहिले विभिन्न नीति नियमहरुले गाइड गरिरहेको छ । एनआरएनहरुले पनि लगानीको वातावरण खोजिरहेका छौं । अहिले नेपाल फेबुरेबल विजनेश क्लाइमेटमा साउथ एशियामा दोस्रो छ । हामीले यो कुरालाई बोल्नुपर्छ यो कुरालाई बताउनुपर्छ । यसले गर्दा एनआरएनए मात्रै होइन अरु पनि इन्भेष्टमेन्ट गर्ने ग्रुपहरुलाई हामी ल्याउन सक्छौ । लिगल फ्रेमवर्कमा हामी धेरै नजिक छौ ।

नेपालको आईपिओको फर्मेट हेर्ने हो भने त्यसले हामीलाई राम्रो स्पेस दिएको छ । लङट्रम रिसोर्सेजमा हामीले गर्ने भनेको विभिन्न मुलुकहरुमा रहेका स्रोतहरुलाई नेपालको सेलेक्टेड प्रोजेक्टहरुको बारेमा बहस गर्दै गयो भने भित्र छिर्ने वातावरण बन्दै जान्छ । त्यसकारण लङट्रम प्रोजेक्टमा हामीले प्लान गर्ने कुरामा र नेपालबाट फर्कने कुरामा अहिले राष्ट्र बैंकले सरकारले विभिन्न सुविधा दिएको छ ।

## लगानीका लागि नीति नियम नै बाधक छन्

## महेश श्रेष्ठ, उपाध्यक्ष, एनआरएनए

नेपालमा वैदेशिक  लगानी एकदमै न्युन छ अर्थात एक प्रतिशतभन्दा कम छ । २०२१ जुन सम्ममा नेपालमा वैदेशिक  लगानी २ खर्ब २७ अरब आएको देखिन्छ । अहिले वैदेशिक  लगानीको अध्ययनको आवश्यकता छ । वैदेशिक  लगानीबाट नेपालबाट रिपार्टेसन गरेर कति पैसा विदेश लैजान्छन् भन्ने कुरा पनि अहिले एनआरएनएको इन्भेष्टमेन्ट र एफडिआईको इन्भेष्टमेन्टमा के फरक छ भने बुझ्न जरुरी छ ।

अहिले विशेष गरेर डलर एकाउन्टमा डलर आएन अथवा राष्ट्र बैंकले वैदेशिक रोजगार वचतपत्र जारी गरेको छ त्यसमा बन्डहरु आएन भन्ने जुन किसिमको छ त्यो नआउनुको कारण अहिले जापानबाट डलर अकाउन्टमा नआउनुको निश्चित कारणहरु छन् । हामी गैह्रआवासीय नेपाली भएको हुनाले सरकारले आशा गरेजति नआएको हुनसक्छ, त्यसमा सरकारका नीति नियम नै बाधक छन् । तर यो कालान्तरमा गैरआवासिय नेपालीहरुको नेपालको विकासमा ठूलै भूमिका रहन सक्छ । त्यसका लागि सरकारले सहज वातावरण बनाउनु पर्छ ।

## रेमिट्यान्स सदुपयोग गरौं

## आरके शर्मा, उपाध्यक्ष, एनआरएनए

नेपालमा वैदेशिक रोजगारमा गएका नेपालीहरुबाट वार्षिक १० खर्ब रेमिट्यान्स आउँछ, त्यसमा ६५ प्रतिशत न्युन आय भएका नेपालीले पठाएका छन् । तर उनीहरुले पठाएको ७० प्रतिशत रेमिट्यान्स अनुत्पादकमूलक क्षेत्रमा खर्च हुन्छ । २०२१/२०२२ मा झन्डै १० खर्ब रेमिट्यान्स भित्रायौ । र नेपालको जिडिपी ४२ खर्ब छ । त्यसको ५० प्रतिशत त आयात मात्रै गऱ्यौ । मध्यपूर्व बस्ने नेपालीले जुन पैसा पठाउनुभएको छ तर १० देखि १५ वर्षपछि खाली हात नेपाल फर्कदै गर्दा औषधि उपचार कसले गर्दिने थाहा छैन ।

गत ५ वर्षको रेसियो हेर्ने हो भने रेमिट्यान्सले ५० देखि ६५ प्रतिशत सम्म धानेको छ । त्यो आएको पैसा अनुपात्दक क्षेत्रमा खर्च भइरहेको छ । त्यसलाई न्युनिकरण गर्नको लागि कमसेकम रेमिट्यान्सको १० प्रतिशत कट्टा गरेर छुट्टै जम्मा गर्ने हो भने वार्षिक केहि नभएपनि ९० देखि १०० अर्बको फण्ड बन्ने छ तर ठूला ठूला प्रोजेक्ट बनाएर लगानी स्थापना हुन्छ ।

सधैं हामीहरुले विदेशी बैंकबाट वा रेमिट्यान्सबाट मात्र पैसा ल्याएर खर्च गर्नुभन्दा हाम्रो सानो रकम भएपनि १० खर्बको दश प्रतिशत मात्र छुट्यायो भने पनि विकास बजेटको २५ प्रतिशतभन्दा धेरै हुन्छ । यतातिर पनि ध्यान दिने हो कि ?

## लगानीका लागि अनावश्यक शर्त राख्न हुँदैन

## डा. बद्री केसी, अध्यक्ष, एनआरएनए

एनआरएनए डेभ्लोपमेन्ट फण्डको अवधारणा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले सन् २००५ मा ल्याउनुभएको हो । त्यो अवधारणालाई १५ वर्षपछि इम्प्लिमेन्टेसनमा जाँदाखेरी डेढ वर्ष भईसक्यो, अझै त्यही नै ठाउँमा छौ । डेढ वर्षअघि नै २/३ महिनामा काम होला भन्ने अपेक्षा थियो । अहिले मिडिलिष्ट तथा युरोप अमेरिकामा गएर १० अर्बको परिकल्पना गरेका थियौ । एकैचोटी ५० अर्ब देखि १ खर्ब निकाल्न सक्छौ भनेर हामी एक डेढ बर्षदेखि एकै ठाउँमा छौ । एफडिआई अनि फिटालाई केहि सहज बनाउनु पर्छ । विदेशीले १०० रुपैया लगानी

गऱ्यो भने १२ सय रुपैयाँसम्म नाफा लिएर जान्छ। नेपालीले लगानी गऱ्यो भने एक पैसा पनि फिर्ता लिएर जाँदैन। गैरआवासिय नेपालीहरुलाई विश्वास मात्रै दिलाउनु पर्ने हो, तपाईहरुले ल्याएको पैसा फिर्ता लान सक्नुहुन्छ भनेर त्यो विश्वास भएपछि ९९ प्रतिशतले पैसा फिर्ता लिएर जाँदैनन्। गैरआवासिय नेपालीहरुलाई फिटामा नेपाली सरह एक पैसा पनि नलिई केहि सीमा नराखिकन अगाडि बढाइदिन म अनुरोध गर्दछु।

**निष्कर्ष :**

- स्वदेशमा गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्न 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन' ( FITA) तथा त्यस सम्बन्धि नियमावली तथा आदेशमा  तत्काल संशोधन गर्नुपर्ने निष्कर्ष छलफलबाट निस्किएको छ।

- धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी धितोपत्रको दोस्रो चरणमा गैरआवासीय नेपालीहरूलाई खुला गर्न कानुनी व्यवस्था मिलाउन नेपाल सरकार तथा सरोकारवालालाई अनुरोध गर्ने निष्कर्ष निकालेको छ।

- गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्न अनुरोध गरेको छ। स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्नु पर्ने आवाज निस्किएको छ।

**समाप्त**